# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०६।१८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी लाभ तथा हानी, सार्वजनिक सम्पत्ति हानी नोक्सानी र घुस/रिसवत लिई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।०६।१८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | संजय कुमार ठकुरसमेत २८ जना (वि.अ. को मु.नं. ०७५-CR-०३१७), वि.अ. को फैसला मिति २०७९।११।१६) | सरकारी कागजात हेरफेर गरी सरकारी/ सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरेको। | प्र.पुष्पा श्रेष्ठसमेत १४ जनाको हकमा भ्र.नि. ऐन, २०५९ को ८(१) र दफा ८ (१)(ज) को कसुरमा बिगो रु.२,१६,७३,०५०।- कायम गरी ऐ.ऐनको दफा ८(१) बमोजिम सजाय गरी बिगो असुलउपर हुन र प्र. कृष्ण प्रसाद ज्ञवाली समेत ९ जनाको हकमा भ्र.नि. ऐन, २०५९ को दफा ८(१) र दफा ८ (१)(ज) को कसुरमा बिगो रु.२,३०,७२,५००।- कायम गरी ऐ.ऐनको दफा ८(१) बमोजिम सजाय गरी बिगो असुलउपर हुन तथा प्र.कौशल भन्ने खैरूल हसन अन्सारीसमेत ५ जनाको हकमा भ्र.नि. ऐन, २०५९ को दफा ८(४) बमोजिमको सजाय हुन। | **फैसलाः**<br>प्र.पुष्पा श्रेष्ठसमेत १४ जनाको हकमा भ्र.नि. ऐन, २०५९ को ८(१) र दफा ८ (१)(ज) को कसुर ठहर जनही ९ (नौ) महिना कैद र रु.२०,०००।- जरिवाना, प्र.दीर्घ बहादुर पोखरेल, अशोक कुमार भट्टराई र टंक प्रसाद शर्मालाई आरोपमागदावीबाट सफाई तथा प्र.कृष्ण प्रसाद ज्ञवालीसमेत ९ जनालाई भ्र.नि. ऐन, २०५९ को ८(१) र दफा ८ (१)(ज) को कसुर ठहर जनही ९ (नौ) महिना कैद र रु.२०,०००।— जरिवाना र प्र.कौशल भन्ने खैरूल हसन अन्सारीसमेत ४ जनाको हकमा भ्र.नि. ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम बमोजिम जनही ९ (नौ) महिना कैद र रु.२०,०००।—जरिवाना, प्रतिवादी लाली मल्लको हकमा कसुरमात्र ठहर।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>• बद्नियतपूर्वक आफूसमेतलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)(ज) बमोजिमको कसुर गरेको देखियो,<br>• दावीको जग्गाको दर्ता वदर भई नेपाल सरकारको नाममा कायम भइसकेको देखिँदा विगोतर्फ वादी दावी पुग्न सक्दैन,<br>• प्रतिवादी दीर्घराज भन्ने दीर्घबहादुर पोखरेल, अशोक कुमार भट्टराई र टंकप्रसाद शर्मा उपरको आरोपदावी पुग्न सक्दैन,<br>• प्रतिवादीहरू कौशल भन्ने खैरूल हसन अनुसारी, हसरतुन निशा अन्सारी, पप्पु धोवी, बृहस्पति सिंह खड्का र लाली मल्लको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुर मागदावी लिएकोमा मतियारको हैसियतले कसुर गरेको देखिँदा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक बाक्याश बमोजिम सजाय हुने तथा प्रतिवादी लाली मल्लको हकमा मृत्यु भै सकेकोले जरिवाना नहुने। | • प्रस्तुत मुद्दामा बिगो खुलेको अवस्था स्पष्ट छ। प्रतिवादीहरूले व्यक्तिको नाममा दर्ता भएको जग्गा नेपाल सरकारको नाममा दर्ता कायम हुनु एउटा विषय हो भने प्रस्तुत वारदात के कति बिगो रकमको वारदात हो भनी बिगो खुल्नु अर्को विषय हो। अभियोजन गर्ने निकायले अनुसन्धान गरी बिगो खुलाई अभियोजन गरेको अवस्थामा सोही अनुरूप विगो कायम गरिनुपर्नेमा र बिगो कायम गरी बिगो बमोजिम जरिवाना गरिनुपर्नेमा दावीको जग्गा दर्ता वदर भै नेपाल सरकारको नाममा कायम भईसकेको देखिँदा विगोतर्फ वादी दावी पुग्न सक्दैन भनी गरेको फैसला सो हदसम्म त्रुटीपूर्ण रहेको,<br>• प्र.दीर्घ बहादुर पोखरेल, अशोक कुमार भट्टराई र टंक प्रसाद शर्मालाई आरोपमागदावीबाट सफाई दिएको सम्बन्धमा निज प्रतिवादीहरूको उक्त कार्यमा प्रष्ट संलग्नता देखिन आएको,<br>• प्रतिवादीहरू कौशल भन्ने खैरूल हसन अनुसारी, हसरतुन निशा अन्सारी, पप्पु धोवी, बृहस्पति सिंह खड्का र लाली मल्लको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुर मागदावी लिएकोमा मतियारको हैसियतले कसुर गरेको देखिँदा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक बाक्याश बमोजिम सजाय हुने सम्बन्धमा निज प्रतिवादीहरूको भूमिका मुख्य प्रतिवादी (Principle offender)को रूपमा नै रहेको,<br>• प्रतिवादी लाली मल्लको हकमा मृत्यु भै सकेकोले जरिवाना नहुने सम्बन्धमा निज प्रतिवादीलाई मृत्यू भै सकेको कारण जरिवाना नहुने भएतापनि अभियोगमागदावी बमोजिम अन्य प्रतिवादी सरहनै बिगो कायम गरी बिगो जफत हुनुपर्ने। |
| २ | प्र. भोगेन्द्र प्रसाद साहसमेत ४ जना (वि.अ. को मु.नं. ०७६-CR- | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | प्र. भोगेन्द्र प्रसाद साहको हकमाः भ्र.नि. ऐन, २०५९ को दफा ३(१)(ङ) को कसुरमा विगो रु.६,९९,०००।- विगो कायम गरी | **फैसलाः**<br>विशेष अदालतवाट फैसला हुँदा मिसिल संलग्न प्रमाणहरुवाट प्रतिवादी भोगेन्द्र प्रसाद साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर गरेको देखिन आएको हुँदा निज प्रतिवादीलाई सोही ऐनको | • आरोप मागदावीमा मागदावी लिइएको उल्लेखित रकम मध्ये रु.५,८५,०००।- का सम्वन्धमा सम्मानित विशेष अदालतबाट नै फैसलाको ठहर खण्डको प्रकरण नं. ६०,६३,६७ र ६८ मा उक्त रकम लिएको कारोवार |

| | | | | | |
|---|---|---|---|---|---|
| | ००९५), वि.अ. को फैसला मिति २०७९।१२।२ ३) | | बरामदी रु. १,२९,१०५– (एक लाख उनन्तीस हजार एक सय पाँच रुपैयाँ) जफत गरी बाँकी रु. ५,६९,८९५ (पाँच लाख उनान्सत्तरी हजार आठ सय पञ्चानब्बे रुपैंया) निज प्रतिवादीबाट असुल उपर गरी जफत हुन तथा प्र.निश्चल काफ्ले, रोशन बजगाई र सरिता दहालको हकमा भ्र. नि. ऐन, २०५९ को दफा ३(१)(ङ) को कसुरमा बिगो रु.६,९९,०००।- बिगो कायम गरी बिगो बमोजिम जरिवाना र बिगो समेत जफत हुन। | दफा ३(१) देहाय (घ) बमोजिम बिगो रु.१,२९,१०५.०० कायम गरी कसुरको मात्रा अनुसार छ (६) महिना कैद र बिगो बमोजिम जरिवाना तथा बरामद बिगो समेत जफत हुने, प्रतिवादी निश्चल काफ्ले र सरिता दहालको हकमा प्रतिवादीहरूले योजनाका अध्यक्षवाट रकम उठाई प्रतिवादी भोगेन्द्र प्रसाद साहलाई दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर गरेको देखिंदा सोही दफा ३(१) को देहाय (घ) बमोजिम कसुरको मात्रा अनुसार जनही ६(छ) महिना कैद र बिगो रु.१,१४,०००.०० दामासाहीले जरिवाना हुने ठहर्छ। वादीको अन्य दावी पुग्न सक्दैन। प्रतिवादी रोशन बजगाई उपर किटानी आरोप मागदावी रहेको देखिन नआएको र वस्तुनिष्ठ प्रमाणवाट आरोपदावी पुष्टीहुन सकेकोसमेत नदेखिदा निजले आरोपित कसुरवाट सफाई पाउने ठहर्छ भनी फैसला भएको अवस्था छ।<br><br>**विशेष अदालतले कम सजाय गर्दा लिएका आधार:**<br>• प्रतिवादी भोगेन्द्र प्रसाद साहका हकमा प्रतिवादीवाट नगद बरामद भएको तथ्य प्रतिवादी समेतले स्वीकारेको र वादीको साक्षीबाट पुष्टी र प्रमाणित हुन आएको,<br>• प्रतिवादीहरू निश्चल काफ्ले र सरिता दहालको हकमा अनुसन्धानमा कागज गर्ने व्यक्तिहरूले घुस रिसवत वापतको रकम सरिता दाहाललाई दिएको र निजले निश्चल काफ्लेलाई दिएको भनी लेखाउनुका साथै उक्त व्यहोरा प्रतिवादी भोगेन्द्र प्रसाद साहको डायरीमा टिपोट भएको र<br>• प्रतिवादी रोशन बजगाईको हकमा किटानी आरोप मागदावी रहेको देखिन नआएको र वस्तुनिष्ठ प्रमाणवाट आरोपदावी पुष्टी हुन नसकेको। | विवरणवाट देखिएको भन्ने समेत व्यहोराको विश्लेषण गरेको,<br>• प्रस्तुत मुद्दामा प्रतिवादीहरुले सेवाग्राहीसँग घुस/रिसवत स्वरुप पटक-पटक रु.५,८५,०००।-, रु.१,२९,१०५.०० र रु.१,१४,०००.०० रकम सेवाग्रहीसँग लिई एक आपसमा बाडेर लिनुखानु गरेको मौकाको आयोग समक्ष गरेको कागज, अदालत समक्ष गरेको वकपत्र र डायरीमा टिपोट गरेको विवरणले स-प्रमाण पुष्टि भएको,<br>• प्रतिवादी रोशन बजगाईको हकमा किटानी आरोप मागदावी रहेको देखिन नआएको भन्ने आधार ग्रहण गरिएको सम्बन्धमा आरोप पत्रमा कम्प्यूटर टाईपिङ्गमा त्रुटि हुन गई आरोपपत्रको अभियोग र मागदावीमा सब-ईञ्जिनियर रोशन बजगाईले हुनुपर्नेमा ईञ्जिनियर निश्चल काफ्लेले हुन गएकोमा मुलुकी अपराध संहिता,२०७४ को नियम ३७ बमोजिम त्रुटी सच्चाउनको लागि यस आयोगको तर्फवाट अनुसन्धान अधिकृतले सम्मानीत अदालत समक्ष निवेदन दिएकोमा उक्त निवेदनलाई आरोपपत्रको अभिन्न अंग मानी निज प्रतिवादीलाई समेत आरोपमागदावी बमोजिम नै कसुर ठहर गरी सजाय हुनुपर्ने,<br>• प्रतिवादी रोशन बजगाइँको समेत संलग्ना विभिन्न आधार प्रमाणवाट स-प्रमाण पुष्टि भएको हुँदा निज प्रतिवादीको हकमा समेत आरोपमागदावी बमोजिम कसुर ठहर हुन। |
| ३ | प्र. धर्मराज अधिकारी समेत ८ जना (वि.अ. को मु.नं. ०७६-CR-०३१०), वि.अ. को फैसला मिति २०७९।१२।१ ६) | सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको। | प्र.धर्मराज अधिकारीको हकमा भ्र.नि.ऐन, २०५९ को दफा ९,१७,३(१)(छ),२४ र बिगो रु.४६,१५,२०१।-, प्रतिवादी लक्ष्मीकान्त ढकालको हकमा भ्र.नि.ऐन, २०५९ को दफा ८(४), र बिगो रु.३५,०६,४००।– प्र. रामचन्द्र अधिकारीको हकमा भ्र.नि.ऐन, २०५९ को दफा ८(४), र बिगो रु.११,०८,८०१।-, प्र. | **फैसला:**<br>प्र.धर्मराज अधिकारीको हकमा ऐ.ऐनको दफा ९,१७ को कसुरमा ३(१)(ङ) बमोजिम दुई (२) बर्ष कैद र बिगो बमोजिम (९,२३,०४०।-) जरिवाना, दफा ९ बमोजिम ३ (तीन) महिना कैद र रु.१०,०००।- जरिवाना र दफा २४ बमोजिम थप ३ (तीन) महिना कैद र सजायसमेत हुने, प्र. लक्ष्मीकान्त ढकाल र प्र. रामचन्द्र अधिकारीको हकमा आरोपमागदावी बमोजिम बिगो कायम गरी जरिवाना भई बिगो समेत असुलउपर हुने, प्र. रेवतीरमण ओझाको हकमा ऐ.ऐनको दफा ९,१७ को कसुरमा ३(१)(ङ) बमोजिम १(एक) बर्ष नौ (९) महिना कैद र बिगो बमोजिम (९,२३,०४०।-) | • प्रतिवादीहरु धर्मराज अधिकारी, रेवती रमण ओझा र महेश कुमार पौडेल उपरसमेत सम्मानित अदालतवाटै उक्त ऐ.ऐनको सोही दफा बमोजिम कसुर ठहर भै सकेको अवस्थामा विद्यायिकि मनसाय विपरित अन्य प्रतिवादीवाट बिगो असुल उपर हुने हुँदा निज प्रतिवादीहरूवाट बिगो भराईरहनु परेन भन्ने आधार ग्रहण गरी गरेको उक्त फैसला सो हद सम्म त्रुटीपूर्ण रहेको,<br>• प्रतिवादीहरु विन्दु थापा, सुरेन्द्रमान श्रेष्ठ र धर्मेन्द्र कुमार झाले बदनियतपुर्वक काम गरेको गोदाममा प्राप्त नै नभएको माल प्राप्ती मिति २०७४/०२/२४ भन्दा पहिले कै मिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रेवतीरमण ओझाको हकमा ऐ.ऐनको दफा ९,१७,३(१)(छ) र बिगो रु.४६,१५,२०१।-, प्र.महेश कुमार पौडेलको हकमा ऐ.ऐनको दफा ९,१७,३(१)(छ) र बिगो रु.४६,१५,२०१।-, प्र. बिन्दु थापाको हकमा ऐ.ऐनको दफा ९,१७,३(१)(छ) र बिगो रु.४६,१५,२०१।-, प्र.सुरेन्द्रमान श्रेष्ठको हकमा ऐ.ऐनको दफा ९,१७,३(१)(छ) र बिगो रु.४६,१५,२०१।– र प्र. धर्मेन्द्र कुमार झाको हकमा ऐ.ऐनको दफा ९,१७,३(१)(छ) र बिगो रु.४६,१५,२०१।–हुन। | जरिवाना, दफा ९ बमोजिम ३ (तीन) महिना कैद र रु.१०,०००।- जरिवाना हुने, प्र.महेश कुमार पौडेलको हकमा ऐ.ऐनको दफा ९,१७ को कसुरमा ३(१)(ङ) बमोजिम १(एक)बर्ष छ(६) महिना कैद र बिगो बमोजिम (९,२३,०४०।-) जरिवाना, दफा ९ बमोजिम ३(तीन) महिना कैद र रु.१०,०००।- जरिवाना हुने, प्र. बिन्दु थापा, प्र.सुरेन्द्रमान श्रेष्ठ र प्र. धर्मेन्द्र कुमार झाको हकमा सफाई हुने।<br>**विशेष अदालतले कम सजाय गर्दा लिएका आधारः**<br>• हानी नोक्सानी भएको बिगो सह-प्रतिवादीहरु लक्ष्मीकान्त ढकाल र रामचन्द्र अधिकारीवाट असुल उपर हुने हुँदा प्रतिवादीहरु धर्मराज अधिकारी, रेवती रमण ओझा र महेश कुमार पौडेलबाट बिगो भराई रहनु परेन,<br>• प्रतिवादीहरु विन्दु थापा, सुरेन्द्रमान श्रेष्ठ र धर्मेन्द्र कुमार झाले बदनियतपुर्वक काम गरेको नदेखिदा निजहरूको हकमा आरोपदावी बस्तुनिष्ठ प्रमाणले पुष्टी हुन नसकी निजहरूले आरोपित कसुरवाट सफाई पाउने ठहर्छ। | २०७४/०१/२९ मा बिक्री वितरण गरेको झुठ्ठा कागजात भएको जान्दाजान्दै देख्दा देख्दै मकैको बीउ बिक्री गरेको झुठ्ठा कागजपत्र तयार गरी सप्लायर्ससँगको मिलेमतोबाट नेपाल सरकारको राज्यको कोष दुरुपयोग गरी बीउ खरिद बिक्री वितरण गर्दा रु.४६,१५,२०१।- (छयालीस लाख पन्ध्र हजार दुई सय एक रुपैयाँ) हिनामिना गरी नेपाल सरकारलाई हानी पुऱ्याई आफु समेतलाई लाभ लिने बदनियतबाट गरिएको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको समेत कसुर भएको प्रमाणित हुन आएको,<br>• सम्मानित सर्वोच्च अदालतबाट सार्जन पाण्डे समेत विरूद्ध नेपाल सरकार भएको मुद्दा, सर्वोच्च अदात बुलेटिन, २०६६ मंसिर १, पूर्णाङ्क ४१७, पृष्ठ १९ र २० मा **"सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ। By conduct अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ"** भनी सिद्धान्त प्रतिपादन भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | प्रतिवादीहरु बाबुराम पाण्डे, प्रविन वस्ती, हसिमान गुरुङ, अनिता गुरुङ, राम नारायण चौधरी, मु.नं (०७७-CR-०१११)<br>फैसला मिति २०८०।०२।१९ | सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको। | प्रतिवादी बाबुराम पाण्डे, प्रविन वस्ती र रामनारायण चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र दफा १९(२) वमोजिमको कसुरमा रु. १०,६३,०५७।६६ जनही विगो कायम गरी ऐ.ऐनको दफा ८(१) तथा दफा १९(२) वमोजिम सजाय गरी हानी नोक्सानी भएको उक्त विगो ऐ.को दफा ८(१) वमोजिम असुल उपर गरी पाउन समेतको मागदावी लिइएको।<br>त्यस्तै प्रतिवादी दमाई गुरुङ, हसिमान गुरुङ र अनिता गुरुङलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) वमोजिमको कसुरमा जनही विगो रु.१०,६३,०५७।६६ कायम गरी ऐ.को दफा ८(४) वमोजिम सजाय हुन र ऐ. ऐनको दफा ८(४) वमोजिम उक्त विगो जफत गरी पाउन र प्रतिवादी सुर्यमान गुरुङलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) वमोजिमको कसुरमा ऐ. ऐनको दफा १९(२) वमोजिम सजाय गरी पाउन समेतको मागदावी लिइएको। | **फैसलाः**<br>प्रतिवादीहरुलाई आशिक रुपमा आरोपीत कसुरबाट सफाई दिइएको।<br>विशेष अदालतले कसुरबाट सफाई दिदा लिएका आधारहरुः<br>•स्टीमेट वमोजिमको काम नभएको अवस्थामा पनि इस्टीमेट बमोजिमको काम भएको भनी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार गरी सोही बमोजिमको भुक्तानी दिने कार्यबाट स्थलगत प्रतिवेदनमा उल्लेख भए वमोजिमको आरोपदाबी वमोजिम रु.१०,६३,०५७।६६ को कामै नभई भुक्तानी लिनु दिनु गरी सोही बराबरको सरकारी रकम हिनामिना भई दावीको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ), दफा १९ र ८(४) बमोजिमको कसुरको बारदात भएको देखियो।<br>•प्रतिवादी बाबुराम पाण्डेको बदनियत रहेको वा निजले लिनु खानु गरेको वा अनुचित प्रभावमा परेको भन्ने वादी पक्षले पुष्टी गर्न नसकेको अवस्थामा निज प्रतिवादीले गरेको कार्यलाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन।<br>•सहप्रतिवादी रामनारायण चौधरीले तयार पारेको नापी किताब अनुगमनका कागजातहरु प्रतिवादी फिल्डमा नभए तापनि पछि रित पुऱ्याउन मात्र चेक जाँच गरी प्रतिवादी प्रविन वस्तीले सहिछाप गरेको र सो कार्य गर्दा निजले लिए खाएको अन्यसँग मिलोमतो गरेको वा मनसाय र वदनियत पूर्वक उक्त कार्य गरेको भन्ने वादीले प्रमाणबाट पुष्टी गर्न | •मिति २०७२ सालमा गएको महाभुकम्पमा जिल्ला गोरखा, धार्चे गाउँपालिका वडा नं. ७ मा रहेको नौलीखोला तेश्रो जलविद्युत आयोजना क्षती भएकोमा उक्त आयोजना मर्मत तथा पुनः निर्माणको काममा अनियमितता भएको भनी उजुरी परी अनुसन्धानको क्रममा प्रतिवादी बाबुराम पाण्डेले बयान गर्दा आफु उक्त गाउँपालिकाको कार्यालयमा मिति २०७४/९/२३ देखि मिति २०७६/७/२४ सम्म प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यरत रहेको र उक्त आयोजनाको लागत स्टीमेट र कार्य सम्पन्न प्रतिवेदनमा रहेको सहिछाप मेरो हो। लागत स्टीमेट र कार्य सम्पन्न प्रतिवेदनको चेकजाँच सव-इन्जिनियर रामनारायण चौधरीले गरेको हो भनी आफुले उक्त आयोजनाको लागत स्टीमेट र कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरेको र कामको भुक्तानी दिएको तथ्यलाई स्वीकार गरी वयान गरिदिएको, उक्त आयोजनामा कतिपय कामहरु कार्य सम्पन्न पश्चात बनाइएको नापी किताबमा उल्लेख भएको भन्दा फिल्डमा कम काम भएको र कतिपय कामहरु नापी किताबमा काम भएको भन्ने उल्लेख भएको तर फिल्डमा सो सम्बन्धी काम नै नभएको पाइएको। सम्मानित विशेष अदालतबाट समेत सो तथ्यलाई स्वीकार गरी भ्रष्टाचारको वारदातलाई स्थापित गरेको। उक्त आयोजनाको नापी किताबमा प्रमुख प्रशासकिय अधिकृत प्रतिवादी बाबुराम पाण्डे, इन्जिनियर प्रतिवादी प्रविन वस्ती र सव-इन्जिनियर राम नारायण चौधरीले दस्तखत गरेको देखिन्छ। नापी किताब वास्तविक काम गरेको अवस्थाको नाप जाँच गरी रकम भुक्तानीको आधारको रुपमा रहेको कागज हो। लागत अनुमान गर्नुपर्ने कामको अनुमानित विवरण हो। लागत अनुमान भन्दा भए गरेको कामको नापी किताब अवश्य नै केही न केही फरक हुन्छ। प्रस्तुत वारदातमा विस्तृत लागत अनुमान प्रमुख प्रशासकिय अधिकृत प्रतिवादी बाबुराम पाण्डे समेतबाट वनाएको देखिन्छ भने नापी किताबमा पनि निज प्रतिवादी बाबुराम पाण्डे समेतले दस्तखत गरी तयार भएको देखिन्छ। भुक्तानी समेत निज प्रतिवादी बाबुराम पाण्डेबाट नै भएको। प्रतिवादी बाबुराम पाण्डेको अपराधीक मनसाय (Means rea) लाई पुष्टी गर्ने आधार के छ भने लागत अनुमान हुवहु उतार गरी नापी किताब तयार गरीएको र सोही वमोजिम भुक्तानी समेत दिइएको देखिन्छ। भुक्तानी दिने प्रमुख भूमिकाको रुपमा रहेका प्रमुख प्रशासकीय अधिकृतले भुक्तानी दिदा स्टीमेटमा के के आइटम छ ? नापी किताब कसरी तयार भयो भन्ने कुरा नहेरी भुक्तानी दिन हुन्छ भन्ने व्यहोरा जुनसुकै प्रशासकीय प्रमुखले जानकारी राख्नु पर्नेमा कुनै विवाद गर्नु पर्ने अवस्था छैन। के के कामको निर्माण भयो के के कामको निर्माण सम्पन्न गर्न बाँकी छ ? नापी किताब अनुसारका कामहरु भएका छन् वा छैनन् भन्ने जानकारी राख्नु पर्ने पदिय जिम्मेवार व्यक्ति प्रमुख प्रशासकीय अधिकृतलाई सम्पन्न नभएको कामको नापी किताबमा दस्तखत गर्ने र भुक्तानी गरेकोमा कसुरदार कायम नगर्ने तथा सहायक इन्जिनियरलाई कसुरदार कायम गर्ने र चेकजाँच गर्ने इन्जीनियर प्रविन वस्तीलाई कसुरदार कायम नगर्ने कार्य भएको अवस्था छ। यसरी प्रमुख दायित्व निर्वाह गर्ने कार्यको भुमिकामा रहेका प्रमुख प्रशासकीय अधिकृत बाबुराम पाण्डे र इन्जिनियर प्रविन वस्तीलाई आयोजनामा अनियमितता भएको फैसलामा स्वीकार गरिएको अवस्थामा कसुरबाट उन्मुक्ति दिने गरी भएको फैसला सरासर त्रुटीपुर्ण देखिन्छ।<br>•प्रस्तुत मुद्दाको उठान नापजाँच तथा सम्पन्नता समेतका कार्यमा प्रतिवादी बाबुराम पाण्डेको भूमिका रहेको छ। आयोजना स्वीकृत लागत अनुमान तयार, नापजाँचको नापी किताब तयार तथा आयोजना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नसकेको निज उपरको दावीको कसुर गरेको भन्ने आरोप दावी पुग्न नसक्ने।<br>•उपभोक्ता समितिको कोषाध्यक्ष रहेको अनिता गुरुङलाई रित प्रक्रिया पुऱ्याउन मात्र उपभोक्ता समितिमा राखिएको र एक पटक मात्र समितिको बैठकमा उपस्थित भएको तथा चेकमा सहिछाप गरी छाडेको भन्ने वयान देखिएको।<br>•प्रतिवादी हसिमान गुरुङले पनि उपभोक्ता समितिमार्फत काम गर्ने गराउने, रकम खर्च गर्ने, बिल भरपाई तयार गर्ने तथा पेश गर्ने र रकम भुक्तानी लिने कार्यमा निर्णायक भुमिका नदेखिंदा निज उपरको आरोपदावी पुग्न नसक्ने। | कार्य सम्पन्न भएको भनी भुक्तानी दिने कार्यमा प्रमुख भूमिका रहेको तथ्यलाई अदालतको फैसलामा स्वीकार गरी "आरोपदावी वमोजिम रु.१०,६३,०५७।६६ को कार्य भुक्तानी लिनु दिनु गरी सोही बराबरको सरकारी रकम हिनामिना भई दावीको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ), दफा १९ र दफा ८(४) वमोजिमको कसुरको बारदात भएको देखियो" भनी फैसलामा भुक्तानी लिने दिने कार्यमा अनियमितता स्वीकार गर्ने अर्कोतर्फ वदनियत तथा अनुचित प्रभावमा परेको भन्ने वादी पक्षले पुष्टी गर्न नसकेको भन्ने आधार परस्पर आफैमा बाझीएको पाइन्छ। कसैको वदनियत छ छैन अनुचित प्रभावमा परेको छ छैन भन्ने विषय देखिने, छामिने, महसुस गर्ने भौतिक विषय होइन। यो अपराधीक कार्य (Actus teas) को आधारमा अनुमान गर्ने विषय हो। स्थलगत रुपमा प्रतिवेदन पेश गर्ने प्रतिवेदक खुमराज आचार्यले अदालतमा उपस्थित भई निज प्रतिवादी उपरको कसुर पुष्टी गर्दै बकपत्र गरिदिएको र उक्त तथ्यलाई अनियमितताको आधार मानि फैसलामा स्वीकार गरिएको अवस्थामा प्रतिवादी बाबुराम पाण्डेको संलग्नता वीना प्रस्तुत वारदात घटित हुन सक्ने अवस्था नहुदा प्रस्तुत फैसलामा प्रतिवादी बाबुराम पाण्डेलाई कसुरबाट सफाइ दिने गरी भएको फैसला त्रुटीपूर्ण छ।<br>•प्रतिवादी प्रविन वस्तीले उक्त गाउँपालिकाको कार्यालयमा मिति २०७४/११/१८ देखि २०७७ आषाढ मसान्त सम्म इन्जिनियरको पदमा कार्यरत रही आयोजनाको डिजाइन, इस्टीमेट, मुल्याङ्कन गर्ने कर्तव्य मेरो हो। कार्य सम्पन्न भए पश्चात योजनाको अनुगमन चेकजाँच गरी लगत स्टिमेट अनुसार भए नभएको हेरी फरफारकका लागि सिफारिस गर्ने दायित्व मेरो हो भनी अनुसन्धानको क्रममा वयान गर्दा खुलाई लेखाई दिएको पाइन्छ। यसरी आयोजनाको डिजाइन, स्टीमेट तथा फरफारकको समेत दायित्व भएका आयोजनाका इन्जीनियर प्रविन वस्तीले केवल योजनाको कार्य सम्पन्न प्रतिवेदनमा आफ्नो हस्ताक्षर म.ले.प. परिक्षणको वेला बेरुजु आउला भन्ने डरबाट गरेको भन्ने भनाई एउटा अधिकृत कर्मचारीको गैर जिम्मेवारी पूर्ण भनाईको पराकाष्ट हो। केवल अनियमित कार्यलाई नियमित गर्नका लागि मात्र इन्जीनियर प्रतिवादी प्रविन वस्तीले कार्य सम्पन्न प्रतिवेदनमा चेक जाँच गरी हस्ताक्षर गरेको भन्ने भनाईबाट नै प्रतिवादीको अपराधीक मनसाय तत्व पुष्टी हुन्छ। उक्त अनियमित कार्यमा कार्य सम्पन्न भएको प्रतिवेदन चेकजाँच गरी हस्ताक्षर गर्ने व्यक्तिले अनियमित कार्यमा वदनियत थिएन भनेर भन्न सक्ने अवस्था कदापी हुन सक्दैन। विवाद रहित लिखत प्रमाण र मौखिक प्रमाण विरोधाभाष भएमा जहिले सुकै लिखत प्रमाणको प्राथमिकता पाउने हो। व्यक्तिले झुठ्ठो वोल्न सक्छ, लिखित प्रमाणले झुठ्ठो वोल्दैन। यसरी प्रमाणको यथोचित मुल्याङ्कन नगरी नापी किताबमा सहिछाप गर्ने तालुक हाकिम इन्जिनियर प्रविण वस्तीलाई सफाई दिने र सव-इन्जिनियरलाई सजाय गर्ने फैसलालाई न्यायपूर्ण फैसला मान्न सक्ने अवस्था नरहेकोले प्रतिवादी प्रविन वस्तीलाई सफाई दिने गरी भएको फैसला बदर भागी रहेको।<br>•प्रतिवादी अनिता गुरुङले अनुसन्धानको क्रममा वयान गर्दा उक्त आयोजना सम्पन्न गर्ने उपभोक्ता समितिको कोषाध्यक्षको रुपमा विनियोजित बजेटबाट भएको कार्यमा कोषाध्यक्ष भएको नाताले निर्माण गर्दा भएको खर्चहरुको हिसाब किताब मिलाउन पर्ने दायित्व रहेको स्विकार गरी सबै काम पुरा गरेर हामीले भुक्तानी लिएको हो। उक्त रकमको कुनै हिनामिना र भ्रष्टाचार नभएको भन्ने व्यहोरा खुलाई दिएको र अर्को तर्फ उक्त आयोजना निर्माणको क्रममा अदालतले अनियमितता भएको स्वीकार गरी फैसलामा वोलीएको छ। यसबाट आयोजना निर्माण गर्ने उपभोक्ता समितिको कोषाध्यक्षले आफुले गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कार्यको जिम्मेवारी स्वीकार गरेको अवस्थामा रित पुऱ्याउन मात्र कोषाध्यक्ष राखेको भन्ने हास्यास्पद तर्कका आधारमा कसुरबाट सफाई दिइएको उक्त फैसला बदर योग्य रहेको।<br>•प्रतिवादी हसिमान गुरुङले अनुसन्धानको क्रममा वयान गर्दा आफु उक्त आयोजनाको निर्माण उपभोक्ता समितिको सचिवको रुपमा कार्यरत रहेको भनी लगत स्टिमेट अनुसार भए गरेको कार्यको भुक्तानि लिनु पर्ने उपभोक्ता समितिको हो भन्ने व्यहोरा खुलाई अनियमिततामा आफ्नो संलग्नता नरहेको भनी वयान गरिदिएका छन्। उपभोक्ता समितिको सचिवले आयोजना निर्माण कार्यको कार्यमा प्रत्यक्ष रुपमा संलग्न रही कार्य गर्नुपर्ने जिम्मेवारी रहेको हुन्छ। निज प्रतिवादी हासिमान गुरुङलाई उपभोक्ता समिति मार्फत प्रत्यक्ष रुपमा काम गर्ने गराउने, रकम खर्च गर्ने, विल भरपाई तयार गर्ने र भुक्तानी लिने कार्यमा निर्णायक भूमिका नदेखिएको भन्ने आधार आफैमा त्रुटीपूर्ण रहेको छ। जवकी योजनाको निर्माण हिसाव किताब फरफारक र भूक्तानी लिने कार्यमा महत्वपूर्ण भूमिकामा नै समिति सचिवको महत्वपूर्ण जिम्मेवारी रहन्छ। यसरी उपभोक्ता समितिको सचिवको जिम्मेवारीमा रहेका प्रतिवादी हसिमान गुरुङलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण देखिन्छ।<br>•प्रतिवादी हसिमान गुरुङ र अनिता गुरुङ्ग समेतको दस्तखतबाट उपभोक्ता समितिको खाता संचालन भएको भन्ने कुरामा विवाद छैन। निज प्रतिवादीहरु समेत बसेको बैठकबाट उक्त योजनाको कार्य सम्पन्न भएको भन्ने निर्णय भएको अवस्था छ। उपभोक्ता समितिको खातामा गाउँपालिकाबाट भुक्तानी दिएको रकम यि प्रतिवादीहरु हसिमान गुरुङ्ग र अनिता गुरुङ्ग समेतले निकाली खर्च गरेको भन्नेमा पनि कुनै विवाद नरहेकोमा यो वा त्यो असम्वद्ध तर्कहरु उल्लेख गरी प्रतिवादीहरु हसिमान गुरुङ्ग र अनिता गुरुङ्गलाई सफाई दिने गरी भएको विशेष अदालत काठमाण्डौको फैसला सो हदसम्म त्रुटीपूर्ण रहेको।<br>•प्रतिवादी रामनारायण चौधरी उपर भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) को सजायको मागदावी रहेको छ। उक्त दफा ८(१) मा प्रतिवादीलाई कैदको सजायको अतिरिक्त विगो खुलेकोमा विगो वमोजिम जरिवाना गरी विगो असुल उपर गरिने छ भन्ने स्पष्ट व्यवस्था रहेकोमा निज प्रतिवादी रामनारायण चौधरीलाई विगो असुल उपर नगरिने गरी भएको फैसला सो हदसम्म त्रुटीपूर्ण रहेको। |